# प्रारम्भिक बालविकास केन्द्रको
# राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शक पुस्तिका
# (National Mimimum Standard for ECD Centers)

२०६७

**शिक्षा मन्त्रालय**
**शिक्षा विभाग**
**सानोठिमी, भक्तपुर**

## प्राक्कथन

बालबालिकाको सर्वाङ्गिगण विकासका लागि बालविकास केन्द्रले महत्वपूर्ण योगदान दिने तथ्यमा निर्विवाद छ । प्रारम्भिक बालविकास कार्यक्रम नेपालको 'सबैका लागि शिक्षा' सम्बन्धी राष्ट्रिय कार्ययोजना र सबैका लागि शिक्षा कार्यक्रमको अभिन्न अङ्ग हो । नेपाल सरकार प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वप्राथमिक शिक्षा मार्फत् आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिवद्ध छ । शिक्षा मन्त्रालयले बालविकास कार्यक्रमको औचित्यलाई महसुस गरी बालविकास केन्द्र स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रूपमा लिएको छ । प्रारम्भिक बालविकाससम्बन्धी हालै भएका केही अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रमको अनुभव पाएका बालबालिकाहरू विद्यालयको वातावरणमा छिटो तथा बढी घुलमिल हुन सक्ने गरी तयार गरिएका छन् भन्ने कुरा प्रमाणित गरेको छ ।

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले निर्धारण गरको लक्ष्यमा पनि आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गर्नु भनि उल्लेख गरेको छ भने चार वर्ष उमेरका बालबालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालविकास सेवामा पहुँच बढाउने भनि उद्देश्य निर्धारण गरेको छ ।

हाल देश भरीमा २६,७७३ बालविकास केन्द्रहरू संचालन भएका छन् । कतिपय बालविकास केन्द्रहरूमा भौतिक, शैक्षिक, मानवीय, आर्थिक जस्ता विभिन्न पक्षले बालविकास केन्द्रले दिन सक्ने सेवामा असर परिरहेको छ । यीनै तथ्यलाई प्रभावकारी रूपमा समन्वय, व्यवस्थापन गर्नुका साथै बालविकास केन्दको गुणस्तर कायम गर्न शिक्षा विभागबाट वि.सं २०६५ मा सेभ द चिल्डेन एलान्सको सहयोगमा राष्टिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका प्रकाशन भएको थियो ।

बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता, विभिन्न संघसंस्था तथा विद्वान महानुभावहरुको सुझावहरुलाई समेटेर राष्टिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका परिमार्जन गरेर प्रकाशन गरेका छौं । यस कार्यमा सहयोग गर्ने सबै संघसंस्था र महानुभावहरुलाई धन्यवाद दिन चाहन्छौं ।

हरिबोल खनाल
महानिर्देशक
शिक्षा विभाग, सानोठिमी, भक्तपुर
मितिः२०६७ असार

## प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम् मापदण्ड कार्यान्वयन बारे जानकारी

मस्तिष्क विज्ञानसम्बन्धी अनुसन्धान, आर्थिक लगानी र प्रतिफलसम्बन्धी विश्व बैंकको अध्ययन प्रतिवेदन र प्रारम्भिक बालविकाससम्बन्धी विभिन्न अध्ययनहरूका अनुसन्धानअनुसार प्रारम्भिक बालविकासमा भएको उचित लगानीले राम्रो राष्ट्रिय जनशक्ति तयार भएको देखिन्छ । विश्व बैंकको एक अध्ययनअनुसार प्रारम्भिक बालविकासमा एक अमेरिकी डलर लगानी गर्दा त्यसको प्रतिफल १७ अमेरिकी डलरसम्म भएको पाइएको छ । त्यस्तै, नेपालमा पनि बालविकास केन्द्रमा नियमित सहभागी भएका बालबालिकाहरूले कक्षा १ मा भर्ना भइसकेपछि कक्षामा नियमितता दर, कक्षा उत्तीर्ण दर, कक्षा छोड्ने र दोहोऱ्याउने दरका आधारमा, त्यही कक्षामा बालविकास केन्द्रमा सहभागी नभएका भन्दा राम्रो प्रतिफल प्राप्त गरेको बालविकास कार्यक्रम प्रभावकारिता अध्ययनहरूले देखाएको छन् ।

प्रारम्भिक बाल्यावस्थामा उचित विकास र सिक्ने अवसर पाउनु प्रत्येक बालबालिकाको पहिलो अधिकार हो । यस अधिकारको सुनिश्चित गर्नका निम्ति राज्यले बालविकाससम्बन्धी बिभिन्न कार्यनीति अबलम्बन गर्ने गर्छ ।

शिक्षा मन्त्रालय, शिक्षा बिभागले प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत ३ देखि ५ वर्षसम्मका बालबालिकालाई लक्षित गरी समुदायमा आधारित बालविकास केन्द्र र प्राथमिक विद्यालयमा पूर्वप्राथमिक कक्षाको रूपमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेको छ ।

प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता तथा कार्यक्रमको गुणस्तर आर्थिक लगानी, सहजकर्ता र बालबालिकाको सङ्ख्या तथा सिकाइ सामग्रीमा निर्भर गर्छ । त्यसैले प्रारम्भिक बालविकास केन्द्रलाई प्रभावकारी तवरले सञ्चालन गर्न बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम् गुणस्तर कायम गर्नु आवश्यक छ ।

### बालविकास केन्द्रमा तथा पूर्बप्राथमिक कक्षाको न्यूनतम् स्तरको औचित्य

'सबैका लागि शिक्षा' को कार्यनीति अन्तर्गत सञ्चालित बालविकास केन्द्रको द्रुत गतिमा भएको विस्तारले ३-४ वर्ष उमेर समूहका बालबालिकाको बालविकाससम्बन्धी सेवाको पहुँचमा वृद्धि भएको छ तर आवश्यकता अनुसारको आर्थिक र मानवीय श्रोतको उचित व्यवस्थापनको अभाव भएको राष्ट्रिय स्तर मै महसुस गरिएको छ । बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको गुणस्तरमा आवश्यक सुधार गर्नुपर्ने तथ्यलाई महसुस गरी बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षा न्यूनतम् स्तर कायम गर्ने नीति लिइएको छ ।

### प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम् राष्ट्रिय मापदण्ड कायम गर्नुको उद्देश्यहरू

१. बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाहरूमा एकरूपता ल्याउने,

२. बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको गुणात्मक सुधार गर्ने,

३. बालविकास केन्द्रमा कार्यक्रमको सहयोगमा प्रभावकारीरूपमा वृद्धि गर्ने,

४. बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षामा सहयोग गर्ने सबै संस्थाहरूबाट न्यूनतम् आवश्यकता वा सहयोगमा एकरूपता ल्याउने,

५. बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षा अनुगमन गर्न सहयोग गर्ने,

६. केन्द्र र पूर्वप्राथमिक कक्षामा सहयोग गर्ने समुदाय र सहजकर्ताले स्व-मूल्याङ्कन गरी केन्द्र र पूर्वप्राथमिक कक्षा सुधारको कार्ययोजना बनाउन सहज बनाउने ।

**बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको न्यूनतम् राष्ट्रिय मापदण्ड अवलम्बन गर्न निम्न कार्यनीतिहरू तय गरिएको छ :**

यो बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षा न्यूनतम् स्तरलाई बालविकास केन्द्र सञ्चालन गर्न सहयोग गर्ने सबै संस्थाहरू सरकारी र गैरसरकारी संस्था, विद्यालय, विभिन्न किसिमका संस्थाहरू, शिक्षक, केन्द्र सहजकर्ता, बालविकास कार्यक्रम अनुगमनकर्ताहरूले यस बालविकास केन्द्रको न्यूनतम् स्तरलाई केन्द्र सञ्चालनको मूल निर्देशिकाको रूपमा प्रयोग गर्नुपर्ने छ । बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको न्यूनतम् स्तर कायम गर्न निम्न कार्य गर्नु पर्नेछ :

१. बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको हालको स्तर पहिचान सर्वेक्षण गरी हालको अवस्था पत्ता लगाउने,
२. हालको स्थितिको आधारमा बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षालाई क स्तर, ख स्तर र ग स्तर गरी तीन बर्गमा वर्गीकरण गर्ने,
३. न्यूनतम् स्तरको विभिन्न वर्गअनुसार आवश्यक सहयोग गर्न कार्ययोजना बनाउने,
४. कार्ययोजना अनुसार विभिन्न संस्थाहरू र सरकारी स्तरबाट बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षालाई न्यूनतम् स्तरमा पुऱ्याउन आवश्यक सहयोग उपलब्ध गराउने ।

**बालविकास केन्द्र न्यूनतम् राष्ट्रिय मापदण्ड बनाउने क्रममा निम्न प्रक्रियाहरू अपनाइएको छ :**

१. शिक्षा विभागले ECD Network Group सँग बालविकास केन्द्रको न्यूनतम् मापदण्ड बनाउने विषयमा विभिन्न चरणमा छलफल सम्पन्न गरिएको,
२. शिक्षा विभागको निर्देशकको नेतृत्वमा बालविकास केन्द्र न्यूनतम् मापदण्ड बनाउन एउटा कार्यदल गठन गरियो । कार्यदलमा Save the Children, Plan Nepal, UNICEF, CERID, Seto Gurans रहेका,
३. शिक्षा विभागको निर्देशकको नेतृत्वमा पूर्व, पश्चिम र मध्य क्षेत्रमा बालविकास कार्यक्रमको अध्ययन गरिएको,
४. अभिभावक, सहजकर्ता, विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा अधिकारी, स्रोतव्यक्ति, जिल्लामा कार्यरत UNICEF, Save the Children, World Vision, Seto Guras का व्यक्तित्वहरूसँग छलफल र सल्लाह गरी सुझाव संकलन गरिएको,
५. राष्ट्रिय स्तरमा बालविकास केन्द्र न्यूनतम् मापदण्ड कार्यशाला गोष्ठी आयोजना गरिएको,
६. राष्ट्रिय कार्यदल गठन,
७. लेखन समूह गठन,
८. स्रोत सामग्री अध्ययन र विभिन्न देशको सामग्री अध्ययन,

९. पहिलो मस्यौदा लेखन कार्य,

१०. पुनः छलफल गरी र छलफलबाट आएको सुझाब समावेश,

११. विभिन्न जिल्लामा कार्यरत प्राविधिकहरूसँग छलफल गरी र उनीहरूको सुझाव सल्लाह पुनः समावेश गरियो,

१२. पुनः राष्ट्रिय गोष्ठी गरी सुझाव सङ्कलन तथा सुझाव समावेश,

१३. अन्तिम मस्यौदा तयार गरी शिक्षा विभागमा पेश गरियो ।

# प्रारम्भिक बालविकास केन्द्र / पूर्वप्राथमिक कक्षाको परिचय

## पृष्ठभूमी :

बालविकास कार्यक्रम सञ्चालनको क्रममा बालविकास केन्द्र स्थापनालाई प्रमुख क्रियाकलापको रूपमा लिइएको छ । ३ र ४ वर्ष उमेरका बालबालिकाको सर्वाङ्गिण विकास र प्राथमिक शिक्षाको लागि तयारीको रूपमा यस कार्यक्रमलाई विस्तार गर्ने क्रममा विद्यालयमा पूर्वप्राथमिक कक्षाको वा समुदायमा प्रारम्भिक बालविकास केन्द्रको रूपमा सञ्चालन गर्ने नीतिगत प्रावधान रहेको छ । यसै सन्दर्भलाई हेर्दा पूर्वप्राथमिक कक्षा/प्रारम्भिक बालविकास केन्द्रको विस्तार द्रुततर गतिमा वृद्धि भएको पाइन्छ तर विभिन्न अध्ययन र समय-समयमा भएको विभिन्न अवलोकनबाट प्राप्त तथ्यलाई ध्यानमा राख्दा कार्यक्रमको गुणात्मक स्तरको मापदण्ड निर्धारण गर्नुपर्ने देखिन्छ । हाल भइरहेको प्रारम्भिक बालविकास केन्द्रको विस्तारबाट बालबालिकालाई बालविकासको अवसर प्रदान गरी पहुँच वृद्धिमा सहयोग भएको छ ।

बालबालिकाको विकासलाई कार्यक्रमका केन्द्रविन्दु मानी हालको केन्द्र विस्तार र बालविकास केन्द्रको अवस्थालाई हेर्ने हो भने बालबालिकाका लागि मैत्रीपूर्ण अवस्थाको व्यवस्था गर्नुपर्ने पनि देखिन्छ । त्यसका लागि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड कायम गरी प्रत्येक बालविकास केन्द्रमा बालबालिकाको उमेर सुहाउँदो सिकाइ उपयुक्त भित्री र बाहिरी वातावरणको व्यवस्थापन हुनुपर्दछ । प्रत्येक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षामा सो न्यूनतम् व्यवस्था हुनु अनिवार्य गर्ने गराउन आवश्यक पहल हुनु पर्ने छ । न्यूनतम् स्तरका रूपमा निम्न पक्षहरूलाई प्रमुख ध्यान दिई बालबालिकाका लागि उपयुक्त सेवा प्रदान गर्नुपर्ने हुन्छ । प्रत्येक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षा वर्षको कम्तिमा २२० दिन सञ्चालन हुनु पर्नेछ ।

## बालविकास कार्यक्रमको परिचय :

बालविकास केन्द्रमा बालबालिकाले भविष्यमा आफूले जान्न र सिक्नु पर्ने धेरै विषयहरूलाई खेल, बाल गीत, कथा, कुराकानी, अवलोकन, चित्र, नाटक जस्ता विभिन्न क्रियाकलापको माध्यमबाट अवधारणागत रूपमा स्पष्ट गरिन्छ । सानै उमेरमा अवधारणा स्पष्ट भएमा बालबालिकाले पछि विद्यालयमा सिकाउने कुनै पनि विषयलाई राम्रो बुझ्न सक्छन् र बीचैमा विद्यालय छोड्ने क्रम घट्न जान्छ । यस केन्द्रमा शिशुको मानसिक, शारीरिक, सामाजिक संवेगात्मक विकास गर्न यथेष्ट मौका प्रदान गरिन्छ । बालविकास केन्द्र प्रारम्भिक बाल्यावस्थाको विकाससम्बन्धी अधिकार सुनिश्चित गर्ने एउटा बलियो माध्यम हो । बालविकास केन्द्रलाई शिक्षा विभागले दुई किसिमबाट सञ्चालन गर्ने व्यवस्था गरेको छ -

(क) समुदायमा आधारित बालविकास केन्द्र र

(ख) पूर्वप्राथमिक कक्षा ।

**बालविकास केन्द्रको मुख्य लक्ष्य :**

१. ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरूको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गरी प्राथमिक शिक्षाको लागि तयार गर्ने ।

**बालविकास केन्द्रको उद्देश्य :**

१. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास गर्ने,

२. बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाई स्थिति सुधारमा सहयोग गर्ने,

३. बालबालिकालाई क्रियाशील बनाई सिर्जनशील हुन प्रेरित गर्ने,

४. प्राथमिक शिक्षाको तयारीका लागि सिक्ने क्षमतामा वृद्धि गर्ने ।

## प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको परिभाषा

### १. समुदायमा आधारित बालविकास केन्द्र

बालबालिकाको उमेरअनुसार चौतर्फी विकास, सिकाइ क्षमता विकास, कक्षा १ मा विद्यालय भर्ना हुन तयारी गर्ने अभिप्रायले समुदायले सञ्चालन गरेको केन्द्रलाई समुदायमा आधारित बालविकास केन्द्र भनिन्छ । यस प्रकारको केन्द्रमा ३ र ४ वर्ष उमेर पुगिसकेका दुई उमेर समूहका बालबालिकाहरूलाई एउटा स्थानमा बसेर सिक्ने वातावरण बनाइन्छ । यस्तो केन्द्र सञ्चालन गर्न एउटा सहजकर्ताको व्यवस्था गरिन्छ । यस प्रकारको केन्द्र प्राथमिक विद्यालयको पहुँच भन्दा करिब १० देखि १५ मिनेट टाढा हुनु पर्ने छ । विशेष गरी यस प्रकारको बालविकास केन्द्रले ३ र ४ वर्ष पुगेका ग्रामीण क्षेत्रमा सबै बालबालिकाको बालविकास गर्ने अधिकार सुनिश्चित गर्ने लक्षित गरिन्छ । यस्तो केन्द्रमा प्रत्येक वर्ष नयाँ ३ वर्ष उमेर पुगेका बच्चा भर्ना लिने र ५ वर्ष उमेर पुगेका बालबालिकालाई विद्यालयको कक्षा १ मा भर्ना गर्ने गर्नु पर्छ । यस्ता केन्द्रमा दैनिक चार घण्टाका दरले हप्ताको ६ दिन कक्षा सञ्चालन गरिन्छ ।

### २. पूर्वप्राथमिक कक्षा :

पूर्वप्राथमिक कक्षामा ४ वर्ष उमेर पुगेका बालबालिका १० देखि १५ मिनेटको दूरीमा रहेका प्राथमिक विद्यालयको पूर्वप्राथमिक कक्षामा भर्ना गरिन्छ जसलाई ५ वर्ष उमेर पुगेपछि कक्षा १ मा भर्ना गर्ने गर्नुपर्दछ । एउटा विद्यालयमा २५ जनासम्मको लागि विद्यालयभित्र छुट्टै एउटा कक्षाकोठा र १ जना छुट्टै तालिम प्राप्त सहजकर्ताको व्यवस्था गरी ४.३० घण्टासम्म बालबालिकाको स्तर सुहाउँदो क्रियाकलापद्वारा बालबालिकाको चौतर्फी विकास र कक्षा १ को निमित्त तयारी गरिन्छ । यो पूर्वप्राथमिक कक्षा विद्यालय व्यवस्थापन समितिले सञ्चालन गर्छ ।

पूर्वप्राथमिक कक्षामा कक्षा १ का विद्यार्थीलाई समाबेस गर्न मिल्दैन । त्यस्तै पूर्वप्राथमिक कक्षाका बालबालिकालाई १ कक्षाको विद्यार्थीसँग मिसाएर सञ्चालन गर्न पनि मिल्दैन ।

# प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको न्यूनतम् मापदण्ड

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| **भौतिक पूर्वाधार** | **घर कटेरो वा कोठा** | ● बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षा बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पहुँचमा हुनु पर्नेछ ।<br>● बालविकास केन्द्रको कोठाको लम्बाइ १८ फिट, चौडाइ १६ फिट र ८ फिट उचाइ, उज्यालो प्रकाश आउने, हावा आवतजावत हुनसक्ने, स्थानीय वातावरण अनुकूल कम्तिमा ४ ओटा झ्याल तथा एउटा ढोका भएको ताला लगाउन मिल्ने घर वा कोठा हुनु पर्नेछ ।<br>● कक्षाकोठामा बालबालिकाको स्वास्थ्यलाई अनुकूल तापक्रम (जाडोमा घाम आउने गर्मीमा हावा पस्ने) भएको कोठा हुनु पर्नेछ ।<br>● कोठाको क्षेत्रफल उपस्थित बालबालिकालाई स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनु पर्ने ।<br>● बालविकास केन्द्र वा पूर्वप्राथमिक कक्षा खुल्ला इनार, पोखरी, भीर र खोलाबाट टाढा स्थापना भएको हुनु पर्नेछ ।<br>● विद्यालयको हाताभित्र बालविकास केन्द्र अथवा पूर्व प्रथमिक कक्षा सञ्चालन गर्नु पर्ने भएमा विद्यालय भन्दा केही पर स्थान उपलब्ध गराउनु पर्नेछ ।<br>● यदि विद्यालय दुई तले भएमा बालविकास केन्द्रका लागि भुई तल्लामा कोठा उपलब्ध गराउनु पर्नेछ ।<br>● बालविकास केन्द्रका लागि विद्यालयमा खेल्ने ठाउँ तथा बालबालिका सुहाउँदो शौचालयको व्यवस्था गर्नु पर्नेछ । | कम्तिमा प्रति बालबालिकाको लागि २.०० वर्गमिटर क्षेत्रफलको कोठा |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | **कक्षा र कोठाको वातावरण व्यवस्था** | **कक्षा कोठा** :<br>● कम्तिमा ५ जनाको ५ ओटा सानो-सानो समूह र २० देखि २५ जना बालबालिको ठूलो समुहलाई स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न, नाँच्न, घेरामा बसेर छलफल गर्न उपयुक्त ठाउँ हुनु पर्नेछ । कोठा सफा, सुरक्षित, आकर्षित र सजिलै हिड्डुल गर्न सकिने हुनु पर्नेछ ।<br>● उपयुक्त शैक्षिक खेल सामग्री बालबालिकाको पहुँच हुने गरी व्यवस्थित रूपले र्‍याकमा राखिएको हुनु पर्नेछ ।<br>● प्रत्येक सिकाइ क्षेत्रका लागि सामान राख्ने छुट्टाछुट्टै र्‍याकको व्यवस्था गर्ने साथै बच्चाको व्यक्तिगत सामान राख्न छुट्टै र्‍याकको व्यवस्था हुनु पर्नेछ ।<br>● विषयवस्तुअनुसारको आवश्यक सिकाइ  सामग्रीहरू सजाएर राखिएको हुनुपर्नेछ । अन्य सामाग्रीहरू सुरक्षित रूपमा बच्चाले नभेट्ने ठाउँमा राखिनु पर्नेछ । विषयवस्तुअनुसार मात्र आवश्यक सामग्री झिकेर प्रयोग गर्नु पर्नेछ  ।<br>● बालबालिकाले तयार पारेका क्रियाकलापहरू सबै केटाकेटीले देख्नेगरी बालबालिकाको आँखाको लेभलमा भित्तामा टाँस्नु पर्नेछ । पाटीको साइज कम्तीमा ३ फिट लम्बाई र १.५ फिट उचाईको हुनुपर्ने छ । पाटी कुनैपनि किसिमको स्थानीय सामग्री प्रयोग गरी बनाउन सकिनेछ ।<br>● सहजकर्ताले सिकाईको लागि प्रयोग गर्ने पोष्टर या चित्र राख्नका लागि बच्चाको आँखाको उचाइमा रहने गरी एउटा नरमपाटीको व्यवस्था हुनु पर्नेछ ।<br>● कक्षाकोठामा व्यवस्थित रूपले बालबालिकालाई खेल्न बालुवा, पानी र माटोका व्यवस्था गरी खेल्न दिएको हुनु पर्नेछ ।<br>● कक्षाकोठाको चारैतिर बालबालिकाले लेख्न मिल्ने उचाइमा कालोपाटीको व्यवस्था हुनु पर्नेछ ।<br>● कक्षाकोठाभित्र भित्तामा विषयवस्तुमा आधारित पोष्टर टाँसिएको हुनु पर्नेछ ।<br>● कक्षाकोठा रमाइलो बनाउन विभिन्न खेल्ने सामग्रीका साथै मौसम,बार, अनि दिनहरुको चार्ट तथा घडी र अन्य<br><br>१०<br><br>अन्य सा | |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | बसाइको व्यवस्था | अन्य सामग्रीहरू बालबालिकाले देख्ने गरी राख्नुपर्नेछ।<br>● स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू जस्तोः साना साना ढुङ्गा, कपडाको टुक्रा, छेस्का, बीउबिजन, मौसम अनुसारको बोटविरुवा, स्थानीय स्तरमा उपलव्ध खेलौना संकलन गर्ने र उपयुक्त सिकाइ क्षेत्रमा व्यवस्थित गरी राखिएको हुनुपर्नेछ ।<br>● बालबालिकाले प्रयोग गर्ने सामग्री उनीहरु आफैले झिक्न र राख्न सक्ने गरी व्यवस्था गरिएको हुनुपर्नेछ<br><br>● बालबालिकालाई भुँईको चिसो र फोहोरले असर नपर्ने गरी बसाइको लागि गुन्द्री/नरम चकटी/फल्याकको व्यवस्था गरिएको हुनु पर्नेछ ।<br>● कोठाको क्षेत्रफल लम्बाइ १८ फिट र चौडाइ १६ फिटभन्दा बढी भएमा मात्र होचो ४ जनाको निम्ति एउटा टेबल र प्रत्येक बालबालिकालाई १।१ ओटा स-साना भुँईबाट ८ इन्च उचाइमा रहने गरी हलुका कुर्चीको व्यवस्था गर्नु पर्नेछ ।<br>● यदि कुर्सी टेबलको व्यवस्था गरिएको भए सो आवश्यकता अनुसार सजिलैसँग सार्न मिल्ने हुनु पर्नेछ ।<br>● बसाइ व्यवस्था सानो समूहको क्रियाकलापलाई मिल्दो हुनु पर्नेछ ।<br>● क्रियाकलाप अनुसार सानो तथा ठूलो समूहमा बस्न र समूह विभाजन गर्न मिल्ने बसाइ व्यवस्था हुनु पर्नेछ ।<br>● बालबालिकाहरू एकअर्कासम्म सहजै पुग्न मिल्ने र हिड्डुल गर्न मिल्ने गरी बस्ने व्यवस्था गरिएको हुनु पर्नेछ । | |
| | सिकाइ क्षेत्रको व्यवस्था | केन्द्रको कोठाभित्र बालबालिकाले आफैं खेल्दै सिक्ने वातावरण बनाउन निम्न सिकाइ क्षेत्रको व्यवस्था गरिएको हुनु पर्नेछ :<br>– पुस्तकालय/भाषा सिकाइ क्षेत्र- जसमा बालकथा, बच्चाहरूलाई चित्रात्मक तथा अङ्क तथा अक्षरको ज्ञान हुने पुस्तिकाहरू, फलाटिन बोर्ड, विभिन्न चराचुरुङ्गी पशुपङ्क्षी, मानिसको मूर्ति<br>– गणित सिकाइ क्षेत्र- अंक अंकित पजल, रङ्गीन डोमिनो, स्थानीय स्तरमा उपलब्ध हुने बियाँ, काठ | आरामको लागि छुट्टै स्थानको व्यवस्था गर्न सकिने छ । |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | तथा ढुङ्गाका सानासाना टुक्रा<br>– अभिनय क्षेत्र- जसमा पुतली, भाँडाकुटी, सामानहरू<br>– सिर्जनात्मक सिकाइ क्षेत्र- जसमा ब्लक, पजल, उन्ने-बुन्ने सामाग्री, रङ्ग, ब्रुस, आकार साइज मिलाउने, छुट्याउने, विभिन्न रङ्गको कागज, माटो, बालुवा, पानीको व्यवस्था गरिएको हुनु पर्नेछ ।<br>– स्वावलम्बन सिकाइ क्षेत्र- जसमा तुना बान्ने, इजार बान्ने, फस्नर लगाउने, हुक लगाउने, टाँक लगाउने सामग्रीहरू ।<br>– विज्ञान सिकाइ क्षेत्र- जसमा तराजु, स्केल, माटो, बालुवा जस्ता बच्चाले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था गर्नु पर्नेछ । | |
| | **सहजकर्ताले गर्नुपर्ने आवश्यक व्यवस्था** | ● सहजकर्ताले आवश्यक गीत, कथा, चित्र, दैनिक कार्यतालिका, पोष्टर साईजमा बनाएर भित्तामा टाँसेको हुनु पर्नेछ ।<br>● पाठ्यक्रम, शिक्षण सहयोगी पुस्तिका बाल कथा र उमेर सुहाउँदो उपयोगी पुस्तकहरूको व्यवस्था गर्नु पर्नेछ ।<br>● वर्षमा दुईपटक प्रत्येक बालबालिकाको तौल तथा उचाइको नाप लिई अभिलेख राख्ने । उचाइ नाप्न बच्चालाई भित्तामा उभ्याई इञ्चटेपको प्रयोग गरी नाप्ने व्यवस्था हुनु पर्नेछ ।<br>● अभिभावकलाई आफ्नो बालबालिकालाई अनिवार्य रूपमा खाजा घरबाटै पठाउन जानकारी गराउनु पर्नेछ ।<br>● बालबालिकाले ल्याएको खाजा समयमा खुवाउने व्यवस्था गरेको हुनु पर्नेछ । | |
| **स्वास्थ्य सरसफाइ पोषण र सुरक्षा** | | ● प्रत्येक बालबालिकाका लागि पुग्दो सफा र सुरक्षित पिउने पानी तथा सरसफाईको लागि थप आवश्यक पानीको व्यवस्था गरेको हुनु पर्नेछ ।<br>● प्राथमिक उपचारको बाकसको व्यवस्था हुनुपर्ने जसमा साधारण चोटपटक लाग्दा प्रयोग गर्ने औषधिहरू जस्तैः डिटोल, कपास, ब्याण्डेज, टेप, बेटाडिन उक्त बाकसमा राखिनु पर्नेछ । मुखबाट खाने कुनै पनि औषधि सो प्राथमिक उपचार बाकसमा राखिनु हुँदैन । | |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | • स्वास्थ्य चौकीबाट उपलब्ध गराइने नियमित स्वास्थ्य सेवा सुनिश्चित गर्नु पर्नेछ । बालबालिकाको स्वास्थ्य परीक्षण वर्षमा २ पटक स्थानीय स्वास्थ्यकर्मीलाई केन्द्रमा बोलाइ गराउने व्यवस्था मिलाउनु पर्नेछ । | |
| | **धारा पानी र शौचालयको व्यवस्था** | • बालविकास केन्द्रमा शुद्ध खानेपानीको व्यवस्था हुनु पर्नेछ ।<br>• तोकिएको मापदण्डअनुसार बालबालिका सुहाउँदो शौचालयको व्यवस्था गरिनु पर्नेछ ।<br>• शौचालय चिप्लो, थुनिने, डरलाग्दो, अग्लो, लड्ने र खतरापूर्ण, फोहोर, किरा जीवजन्तु लुक्ने किसिमको हुनु हुँदैन ।<br>• शौचालयमा मग, बाल्टिनमा पानी र साबुनको व्यवस्था हुनु पर्नेछ । | • बालबालिकाको पहुँचमा स्वच्छ र शुद्ध पिउने पानीको धाराको व्यवस्था गर्न सकिने |
| **केन्द्रमा न्यूनतम् हुनुपर्ने सामग्री** | **सिकाइ क्षेत्र अनुसारको खेल सामग्रीहरू** | **स्वाबलम्बनका सीप, बौद्धिक, सामाजिक, सम्वेदात्मक, भाषिक, शारीरिक विकाससँग सम्बन्धित खेलौनाः**<br><br>बालबालिकालाई क्रियाकलापमा संलग्न गराउन वास्तविक सामग्रीहरू झल्काउने स–साना निम्न खेलौनाहरूको व्यवस्था गरेको हुनुपर्ने जस्तो :-<br>• पुतली, ब्लक, मान्छे, पशु, घर, चरा, स्वस्थ्य चौकी, विद्यालय आदिको मोडुल पप्सहरू १।१ सेट ।<br>• डोरी बाँध्ने, हुक लाउने, टाँक लगाउने, तुना बाँध्ने, चेन लाउने जस्ता क्रियाकलाप गराउने मोडल बोर्ड १।१ सेट ।<br>• तराजु, स्केल, माटो, बालुवाजस्ता बच्चाले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था गर्ने ।<br>• ऐना १ वटा<br>• घडी १ वटा<br>• मौसम चार्ट १ वटा<br>• बार चार्ट १ वटा<br>• नेम कार्ड २५ वटा<br>• २ X ४ इञ्चको विषयवस्तु अनुसार डोमिनो कम्तिमा १२ सेट (शरीर, परिवार, चराचुरुङ्गी, बोटबिरुवा, कीरा फट्याङ्ग्रा, फूल, भाँडावर्तन, जनावर लुगाफाटा, बाजागाजा, सागसब्जी, माछा) | • प्रत्येक कुनामा बालबाालिका को एक समूह (५ जना) का प्रत्येकले प्रयोग गर्न वा खेल्न पुग्ने सामग्री वा एकै प्रकारका सामग्री समूहका (५जना) प्रत्येकलाई पुग्ने गरी<br>• स्थानीय सामग्रीलाई प्रयोग गरी बालबालिकालाई उपयुक्त र आकर्षक हुने किसिमका खेलौना/ सामग्री<br>• बालबालिका हरूलाई तौल लिने र नाप लिने |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | • निम्न साइजमा काठका टुक्रामा तल लेखिएका कुरा समावेश हुनु पर्नेछ<br>• ४.५ इन्च साइजको अक्षर बोर्ड<br>• ४.५ इन्च अंक रहेको अक्षर बोर्ड<br>• ६ X ८ इन्च फ्ल्यास कार्ड विषयवस्तु अनुसारको प्रत्येक विषयमा ५ ओटा<br>• पजल कम्तिमा १२ पिसको पजल १२ किसिमको विषयवस्तुसँग मिल्दो ।<br>• भान्छाका सामानहरू<br>**कपडाका सामग्रीहरू**<br>• कपडाको ८ इन्चको नेपालको झण्डा १ ओटा<br>• ४ रङ्गको कपडाको फित्ता ८ ओटा<br>• हाते रिङ ४ ओटा<br>• कपडाको बिनबाग ४ ओटा (विभिन्न साइजका)<br>• पुतली कम्तिमा २ जोडी<br>• लम्बाइ १६ X २४ इन्च फलाटिन बोर्ड १ ओटा<br>• २५ ओटा पकेट भएको चार्ट १ सेट<br>• १२ देखि १८ इन्चसम्मको रबर बल २ ओटा<br>• पपेट १ जोडी<br>• पुतली परिवार १ सेट<br>• ३.५ X २.५ इन्चको नाम कार्ड २५ ओटा झुन्डाउन मिल्ने गरी<br>पुस्तक/पुस्तिकाहरू<br>• चित्रकथा किताव – १२ ओटा<br>• बाल गीतको किताव– १<br>• बाल कविता किताव– १<br><br>**अन्य सामग्रीहरूमा**<br>• स्पर्शका सामानहरू ५ ओटा/जोडाको १ सेट ( खस्रो, चिप्लो, नरम चिज राखेर बनाएको बोर्ड<br>• स्वावलम्वी सीप सिकाउने सामानहरू २ सेट ( जस्तैः तुना बान्ने, इजार बान्ने, फस्नर लगाउने, | सामग्रीहरू |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | हुक लगाउने, टाँक लगाउने)<br>● विन व्याग ५ ओटा (विभिन्न साईजका)<br>● छनछना आवाज आउने खेलौनाबाजा १ ओटा<br>● विभिन्न आवाजको जोडा मिलाउने वस्तुहरू ४ जोडाको सेट<br>● स्थानीय ठोस वस्तुहरू विषयवस्तुअनुसार संकलन गर्ने र सिकाइमा प्रयोग गर्ने ।<br><br>*स्थानीय स्तरमा खेलौनाको रूपमा प्रयोग गर्न सकिने सामग्रीहरू जस्तै :*<br>● बाँसका टुक्राहरू<br>● विभिन्न आकार र प्रकारका ढुङ्गाहरू<br>● मकैको खोया<br>● विभिन्न किसिमका वियाहरू<br>● कपडाका टुक्राहरू<br>● काठका टुक्राहरू<br>● नरिवलको खपडा<br>● लप्सीका बिया<br><br>३ नम्बरको भर्ना पुस्तिका - १<br>● बैठक पुस्तिका - १<br>● हाजिरी रजिस्टर - १<br>● लेखा पुस्तिका - १<br>● स्वास्थ्य पुस्तिका - १<br>● हरेक बालबालिकाको निम्ति १।१ ओटा व्यक्तिगत फाइल<br>● २४ गेज १८×१२ को १ ओटा पूर्वलेखन अभ्यास पुस्तिका प्रत्येक बालबालिकालाई १।१ ओटा<br>● हरेक बालबालिकालाई १।१ ओटा लेखन अभ्यास पुस्तिका | |
| **बाहिरी वातावरण** | **बाहिरी खेलका सामग्रीहरू** | ● बालबालिकालाई खेल्न उपयुक्त खेल सामग्रीहरूको व्यवस्था -जस्तैः चिप्लेटी, टायरको टनेल, ढिकिच्याउ, पिङ्ग, चिप्लेटी, भऱ्याङ, बलहरू, स्किपिङ, जिगस | ● शीतलका लागि चौरमा रुख र राम्रोका लागि फूलबारी |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | | बगैंचाको व्यवस्था गर्ने<br>● चौरलाई घेराबारले बार्न सकिने |
| **केन्द्र सञ्चालन व्यवस्थापन समिति** | | ● ७ देखि १३ जनाको एक समावेशी व्यवस्थापन समिति गठन गरी केन्द्र सञ्चालन गरिएको हुनु पर्नेछ ।<br>● सो सञ्चालन समितिले नियमित रूपमा केन्द्र सञ्चालन गर्न सहयोग पुऱ्याएको हुनु पर्नेछ ।<br>● बैठक नियमित र सक्रिय रूपमा सञ्चालन भएको हुनु पर्नेछ ।<br>● बालविकाश केन्द्र शनिवार तथा स्थानीय बिदाको दिन बाहेक दिनको ४ देखि ४:३० घण्टा, हप्तामा ६ दिन नियमित सञ्चालन भएको हुनु पर्नेछ ।<br>● बालबिकास केन्द्र दिगो र गुणात्मक किसिमबाट सञ्चालन गर्नका लागि अभिभावक र व्यवस्थापन समितिको राय सल्लाहमा आर्थिक सहयोगसम्बन्धी नीति नियम बनाउने तथा सहयोग जुटाउने व्यवस्था गरिएको हुनु पर्नेछ ।<br>● व्यवस्थापन समिति तथा अभिभावकहरूको मासिक बैठक नियमित बसिएको पर्नेछ ।<br>● ४ वर्ष पूरा भएको तर ५ वर्ष पूरा नभएका बच्चाहरू मात्र केन्द्रमा समावेश गरिएको हुनु पर्नेछ | |
| **मानवीय श्रोत साधन** | **सहजकर्ताको योग्यता, गुण र व्यवहार, सीप** | ● सहजकर्ता कम्तिमा १० कक्षा उत्तीर्ण भएको हुनुपर्ने । (सहजकर्ता स्थानीय तथा सम्बन्धित ठाउँको भाषा बोल्न सक्ने विवाहित र सकभर २५ देखि ३५ वर्षका महिलालाई प्राथमिकता दिने), प्रारम्भिक बालविकास विषय लिएर कक्षा १० उत्तीर्ण गरेको उम्मेदवारलाई विशेष प्राथमिकता दिन सकिनेछ ।<br>● ९० घण्टाको आधारभूत व्याबहारिक तालिम प्राप्त गरेको ।<br>● प्रत्येक बालबालिकालाई समानरूपले माया र राम्रो व्यवहार गर्ने ।<br>● प्रत्येक केन्द्रको निम्ति १ जना सहजकर्ताको व्यवस्था गर्ने । | ● सहजकर्ताले आफ्नो ज्ञान सीपका लागि फुर्सदका समय ( बालबालिका सुतेको समय) को प्रयोग गर्ने ।<br>● नजिकका सहजकर्ता, स्रोत व्यक्तिहरू समय-समयमा भेला भई आपसी |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
| --- | --- | --- | --- |
| | | ● प्रत्येक बालबालिकाको आवश्यकता अनुरूप सहयोगको लागि तत्पर हुनुपर्ने ।<br>● सहजकर्ताले बालबालिकालाई सुरक्षित महसुस गराउन सक्नुपर्ने ।<br>● बालबालिकालाई मायालु तवरले र नम्र रूपले अन्तर्क्रिया गर्ने ।<br>● पिछडिएका, अपाङ्ग र विशेष ध्यान दिनुपर्ने बालबालिकाहरूलाई सौहार्दतापूर्वक स्वागत गर्ने र तिनीहरूको आवश्यकता रुचि र क्षमतालाई ध्यानमा राखी क्रियाकलापमा संलग्न गराउने । नियमित रूपमा (कम्तिमा हरेक वर्षमा शैक्षिक सत्र शुरुवात हुनु अघि) अभिावकलाई अनिवार्य अभिमुखीकरण गरेको हुनुपर्ने ।<br>● केन्द्रमा आउने वित्तिकै बालबालिकाको स्वास्थ्यको साधारण निरीक्षण गर्ने ।<br>● बालबालिकाहरू बढी सक्रिय हुने क्रियाकलापमा जोड दिने ।<br>● सहयोगी कार्यकताले कक्षा सञ्चालनका लागि आवश्यक तयारी गर्ने ।<br>● सहजकर्ताले आवश्यकता अनुसार पाठ्यक्रमका उद्देश्य मिल्दो सिक्ने वातावरण र क्रियाकलाप गराउने,<br>● केन्द्र अथवा पूर्वप्राथमिक कक्षामा प्रयोग हुने सामग्रीहरूको उचित प्रयोग, भण्डारण र समय समयमा परिवर्तन गर्ने व्यवस्था तथा संरक्षण गर्ने,<br>● बालबालिकाको लागि सहज हुने गरी उनीहरूको आँखाको सिधा पर्ने गरी उनीहरुको उचाइमा रहेर आकर्षक रूपले अन्तरक्रिया गर्ने,<br>● बालबालिकाका विशेष क्रियाकलापहरूलाई अभिलेख राख्न बालबालिकाका प्रत्येक क्रियाकलापहरूमा अवलोकन गर्ने,<br>● समुदायमा प्रचलित कथा, गीत र स्थानीय परिप्रेक्षमा प्राप्त स्रोतहरूसँग बालबालिकालाई परिचित गराउनु पर्ने, | छलफल र अन्तरक्रिया गर्ने ।<br>● सहजकर्ता बालबालिकाको घर जाने र अभिभावकसँग अन्तर्क्रिया गर्ने ।<br>● सहजकर्ता र बालबालिकाका समुदायमा घुम्ने ।<br>● बालबालिका केन्द्र बाट विद्यालय भर्ना हुनु अघि केन्द्रबाट प्रमाणपत्र सहितको बिदाइ कार्यक्रम हुनु पर्ने । |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | **सहजकर्ताको काम** | ● समुदाय, अभिभावकसँग संमन्वय गर्न सक्ने हुनु पर्ने,<br>● दैनिक कार्ययोजना तयार गरी सोअनुसार केन्द्र सञ्चालन गर्ने,<br>● बालबालिकालाई आवश्यक पुस्तिका, खेलौना उपलब्ध गराएको हुनुपर्ने,<br>● स्थानीय सामग्रीको प्रयोग गरी बालबालिकाको शारीरिक मानसिक विकासका लागि उपयुक्त सहयोग गर्ने,<br>● समय-समयमा अभिभावकलाई केन्द्रमा ल्याई छलफल र अन्तरक्रिया गर्ने,<br>● प्रत्येक वर्ष नयाँ बालबालिकाका अभिभाबकलाई बालबिकासबारे कम्तिमा एकदिने परिचयात्मक कार्यक्रम सञ्चालन गर्ने,<br>● विद्यालय जान तयारी भएका बालबालिकालाई विद्यालयमा लैजाने र विद्यालयसंग परिचित गराउने, सहजकर्ताले केन्द्रको बालबालिकालाई त्रैमासिक वा चौमासिक रूपमा विद्यालय भ्रमण गराउने,<br>● घर जानुअघि हरेक बालबालिका आफूले दिनभरि के सिकें भनी मूल्याङ्कन गर्न लगाउने,<br>● त्रैमासिक रूपमा बालबालिकाको प्रगति मूल्याङ्कन गराउने ।<br>● केन्द्रको प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गर्नुपर्ने,<br>● व्यवस्थापन समितिबाट केन्द्रको प्रगति प्रतिवेदनमा प्रमाणित गराई सम्बन्धित संस्थामा पेश गर्नुपर्ने,<br>● सञ्चालित सबै केन्द्रहरूको छुट्टाछुट्टै प्रगति प्रतिवेदनहरूको फाइल खडा गर्नुपर्ने,<br>● बालविकास केन्द्रको केन्द्र विवरण पुस्तिकाको व्यवस्था गर्नुपर्ने । | |
| | **अभिभावक र समुदायले गर्ने सहयोग** | ● अभिभावकले बालबालिकाका लागि खाजा, रुमाल, काइँयोको व्यवस्था गर्ने,<br>● बालविकास केन्द्रमा कम्तिमा वर्षको चारपटक उपस्थित भई सहजकर्तासँग बालबालिका बारेमा सोधपुछ कुराकानी गर्ने,<br>● अभिभावकहरूले केन्द्रको लागि आवश्यक सामग्रीको | ● केन्द्रको विभिन्न सिकाइ क्रियाकलापमा समुदायको र अभिभावकको संलग्नता |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | व्यवस्था गर्न सहयोग गर्ने,<br>● केन्द्र व्यवस्थापन समिति गठन गर्ने,<br>● समितिका सदस्यहरूले बालविकास केन्द्र व्यवस्थापनसम्बन्धी तालिम लिएको हुनुपर्ने,<br>● प्रारम्भिक बालविकास व्यवस्थापन समिति आफैले केन्द्र सञ्चालन भएनभएको अनुगमनको जिम्मा लिनुपर्ने,<br>● पूर्वप्राथमिक कक्षाको सम्बन्धमा, प्रधानाध्यापकले केन्द्र स्थापना सञ्चालन तथा अनुगमन गरी जिल्ला शिक्षाकार्यलयमा प्रतिवेदन पठाउनु हुर्नुपर्ने,<br>● पूर्वप्राथमिक कक्षाका विद्यालय प्रमुखले प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनसम्बन्धी अभिमुखिकरण तालिम लिएको हुनु पर्नेछ,<br>● प्रधानाध्यापकले बालविकास केन्द्रसम्बन्धी नीति नियम र बालविकास केन्द्रको पाठयक्रमअनुसार केन्द्र सञ्चालान गर्नुपर्ने, | हुनुपर्ने,<br>● बालबालिकालाई उनीहरूको रुचि र क्षमतालाई मध्यनजर राखी घरका कामकाजमा सहभागी बनाउन प्रोत्साहन दिने र वातावरणबाट सिक्ने मौका दिन वातावरणमा घुम्न खेल्न दिने । |
| | **बालबालिकाको उमेर, सङ्ख्या, सिकाइ** | ● बालबालिकाको उमेर कम्तिमा ३ वर्ष पूरा गरेको हुनुपर्ने,<br>● एउटा केन्द्रमा बढीमा २० देखि २५ जना बालबालिका मात्र राखिएको हुनपर्ने,<br>● बालबालिकाहरू एकआपसमा वा समूह-समूहमा खेलेर, कुरा गरेर र मनोरञ्जन गर्दै सिक्दै गरेको हुनुपर्ने,<br>● बालबालिकाले बिभिन्न क्रियाकलाप र खेल आफैँले छानेर सिक्दै गरेको हुनुपर्ने,<br>● सामग्रीहरू खेलिसकेपछि र चलाइसकेपछि ठीक ठाउँमा राख्ने काममा बालबालिका नै संलग्न भएको हुनुपर्ने,<br>● बालबालिकाको विभिन्न रुचि र प्रयासलाई सहयोग गर्नुपर्ने,<br>● बालबालिकाहरूलाई केन्द्रमा साथीहरूबाट सुरक्षित अनुभव गराउने,<br>● केन्द्र खुलेको दिनहरूबाट बच्चाहरूको औसत हाजिरी ७०% हुनुपर्ने । | |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| **गुणस्तरीय केन्द्रका लागि आवश्यक वातावरण** | | • बालबालिकाको सङ्ख्या अनुरूप खेलौना र अन्य सिकाइ सामग्री पर्याप्त उपलध्य गराएको हुनुपर्ने,<br>• केन्द्रमा अभिभावकका लागि सूचना पाटीको व्यवस्था गरीएको हुनुपर्ने । साथै केन्द्रको लागि अभिभावकबाट आएका सुझाव राख्ने व्यवस्था पनि गरिएको हुनुपर्ने,<br>• ठूला बालबालिकाले आफ्ना भाइ बहिनीलाई खेलौना बनाउने, खेलाउने र सिकाउने वातावरण हुनुपर्ने<br>• अभिभावक तथा सुमदायका व्यक्तिहरूद्वारा केन्द्रको अनुगमन, निरीक्षण र भेटघाट गर्ने व्यवस्था गरिएको गर्नुपर्ने,<br>• प्रारम्भिक बालविकास समितिले बालविकास केन्द्रको अनुगमन तथा बालविकासको सम्बन्धमा चासो राखिनु पर्ने,<br>• बालविकासका लागि आवश्यक सहयोगमा समुदायलाई जानकारी र समुदायलाई सहयोग प्राप्त गर्ने वातावरण हुनुपर्ने,<br>• केन्द्र बार्षिक कम्तिमा २२० दिन खुलेको हुनुपर्ने । | • बालविकास सम्बन्धी जानकार व्यक्तिको व्यवस्था र सो जानकार व्यक्ति र अभिभावक बीच बालविकासका लागि आवश्यकता सम्बन्धी अन्तरक्रिया हुनुपर्ने,<br>• बालविकासमा बालबालिकाको स्तर, तथा बालबालिका सम्बन्धी मुद्दा र समस्या सम्बन्धी जानकारी हुनुपर्ने,<br>• केन्द्रमा ठूला बालबालिकाहरू साना बालबालिकाको स्याहारमा संलग्न हुनुपर्ने । |
| **प्रशासनिक व्यवस्था** | **शैक्षिक तथा अन्य सामग्रीहरू:** | • केन्द्रको आय-व्ययको अभिलेख, बालबालिका भर्ना भएको, हाजिर भएको र छोडेको रेकर्ड व्यवस्थित हुनुपर्ने ।<br>• बालबालिकालाई आवश्यक मात्रामा समयमा खोप गराइएको अभिलेख राखिनु गर्नुपर्ने,<br>• प्रारम्भिक बालविकास सहजकर्ता कम्तिमा २४० दिन उपस्थित हुनुपर्ने,<br>• प्रारम्भिक बालविकाससम्बन्धी जानकारी प्राथमिक विद्यालय नजिकैको जिल्ला शिक्षा कार्यालय र स्रोत व्यक्तिलाई दिनुपर्ने,<br>• खपत नहुने सामग्रीहरू सहजकर्ता पाठ्यक्रम–१, | प्रारम्भिक बालविकास केन्द्र वा पूर्व प्राथमिक कक्षा कार्यक्रमको सामाजिक लेखा परीक्षण गराउनु पर्ने, |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | दराज–१, गुन्द्री आवश्यकता अनुसार, बाल्टिन –१, गिलास –३, मग–२, जग–१, नेलकटर–५, कैँची–१०, पंचिङ्ग मेसिन–१, स्टापलर–१, स्केल –२, ऐना–१, ब्ल्याकवोड –१, टिन बाकस, बालबालिकाको लागि क्रियाकलाप रेकर्ड फाईल-२५,<br>● **खपत हुने सामग्रीहरू :** १, कार्वन पेपर १ जिस्ता , प्लेन पेपर ५ जिस्ता, साइन पेन ५ रङ्गका, रजिष्टरहरू (हाजिरी, मिटिङ माइनुट, जिन्सी, हिसाब किताब, फाइल), बच्चाको व्यक्तिगत फाइल, नाम कार्ड, कपडाको पकेट चार्ट, पि.टि. खेलाउने डोरी | |
| | **अभिलेख** | ● बालविकास केन्द्रको रेकर्ड, रजिष्टरलाई दुरुस्त राखी आवश्यक परेकाबेला सम्बन्धित व्यक्तिलाई प्रस्तुत गर्न सकिने व्यवस्था भएको,<br>● केन्द्रमा प्राप्त सहयोग र केन्द्रमा खर्च हुने विवरणको अभिलेख देख्ने गरी राख्ने,<br>● पाठ्यक्रम र स्रोत पुस्तिका प्रयोग गरी केन्द्रको दैनिक कार्यतालिका सञ्चालन गर्ने,<br>● हरेक बालबालिकाहरूको व्यक्तिगत फायल स्थापना गरी उनीहरूको विकास प्रक्रिया र सिकाइ प्रगतिको अभिलेख राख्ने,<br>● केन्द्रमा भर्ना गर्दा जन्म दर्ता लिइ फाइलिङ गर्ने,<br>● हिसाब किताब दुरुस्त राखिएको हुनुपर्ने,<br>● बैठकको निर्णय लेखिएको रजिष्टर,<br>● विभिन्न संघसस्थासंग लेखापढी गरिएको फाइल<br>● केन्द्र सञ्चालन स्वीकार्यको कागजपत्र | |

**बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको प्रभावकारीताका लागि कार्यक्रमसम्बन्धी न्यूनतम् मापदण्ड :**

बालविकास केन्द्र स्थापना गर्नु अघि जिल्ला शिक्षा कार्यालयले आफ्नो मातहतका विद्यालय निरीक्षक, स्रोतव्यक्ति र प्रधानाध्यापक मार्फत् समुदायमा आधारित बालविकास केन्द्र सञ्चालन गर्ने अथवा विद्यालयमा पूर्वप्राथमिक कक्षा सञ्चालन गर्न निम्न प्रक्रियाहरू सञ्चालन गर्नुपर्नेछ :

- समुदायमा कार्यक्रमको अभिमुखीकरण गर्ने तथा कार्यक्रमको व्यापक जानकारी गराउने,
- ३ र ४ वर्ष उमेर पुगेका बच्चाहरूको तथ्याङ्क संकलन गर्ने,
- समुदायमा केन्द्र व्यवस्थापन समिति गठन गर्ने,
- विद्यालयमा पूर्वप्राथमिक कक्षाको निम्ति कक्षा व्यवस्थापन समिति गठन गर्ने,
- समितिको पहलमा स्थानीय सहजकर्ता छनौट गर्न लगाउने,
- सहजकर्ताको निम्ति आवश्यक विशेषता र योग्यताको जानकारी दिने,
- प्रारम्भिक बालविकास केन्द्र /पूर्वप्राथमिक कक्षा व्यवस्थापन समितिको तालिम दिने,
- केन्द्रको नीति नियम समिति आफैंले तयार गर्न लगाउने,
- केन्द्रलाई विद्यालयमा, गा.वि.स. वा नगरपालिकामा आवद्ध गर्न लगाउने,
- केन्द्रको कोष स्थापना र व्यवस्था गर्ने र बैंकमा खाता खोल्न लगाउने,
- केन्द्रको निम्ति स्थान, भवन वा कटेरो व्यवस्था गर्न लगाउने,
- समितिले छनौट गरेको व्यक्तिलाई सहजकर्ताको आधारभूत तालिममा समावेस गराउने,
- केन्द्र सञ्चालन गर्न आवश्यक सामग्री सहयोग (शैक्षिक तथा खेलकुद) प्रदान गर्ने
- सहजकर्ताले गाउँमा केन्द्र सञ्चालन गर्ने । यदि पूर्वप्राथमिक कक्षा स्वीकृति गरेको भए विद्यालयमा छुट्टै एउटा कोठामा कक्षा सञ्चालन गर्ने बारे विद्यालय व्यवस्थापन समितिलाई जानकारी दिने,
- केन्द्रको सुपरिवेक्षण स्रोत व्यक्ति, विद्यालय निरीक्षक वा प्रधानाध्यापकले प्रत्येक २ महिनामा १ पटक गर्ने,
- अभिभावकहरूलाई बालविकास केन्द्रको बारेमा वर्षमा १ पटक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
- सहयोगी कार्यकताहरू बीच चौमासिक बैठक सञ्चालन गर्ने,
- बैठक सञ्चालन सकेसम्म स्रोत केन्द्रमा सञ्चालन गर्ने,
- व्यवस्थापन समिति प्रतिनिधिहरूको चौमासिक बैठक स्रोत केन्द्रमा सञ्चालन गर्ने,
- सहजकर्ता पुनर्ताजगी तालिम सञ्चालन गर्ने,
- उमेर पुगेका बालबालिकाहरू विद्यालय भर्ना गरेको छ, छैन अनुगमन गर्ने,
- केन्द्रको अभिलेख र प्रतिवेदनको व्यवस्थापन गर्ने,
- समुदायमा सञ्चालित बालविकास केन्द्रको प्रतिवेदन र अभिलेख विद्यालयमा समावेश गराउने,
- विद्यालयबाट बालविकास केन्द्रको अभिलेखलाई स्रोत केन्द्रमा उपलब्ध गराउने र स्रोतकेन्द्रबाट अभिलेख जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने ।

**जिल्ला शिक्षा कार्यालय वा बालविकास केन्द्रलाई सहयोग गर्ने अन्य संस्थाको लागि निरीक्षण र अनुगमन समय र अवधिसम्बन्धी न्यूनतम् मापदण्ड**

१. बालविकास केन्द्रको निरीक्षकले केन्द्र स्थापना गरेको शुरुको १२ महिनासम्म प्रत्येक केन्द्रको राम्रो व्यवस्था गर्न अति सूक्ष्म अनुगमन र निरीक्षण गर्नुपर्ने हुन्छ । तसर्थ स्थानिय स्तरमा बालविकास केन्द्र निरिक्षणका लागि एक निरिक्षक राखिन सकिने छ । प्रत्येक केन्द्रमा केन्द्र निरीक्षकले कम्तिमा एक हप्तासम्म एउटै केन्द्रलाई समय दिई केन्द्र सञ्चालनमा सहयोग पुऱ्याएको हुनुपर्छ । यसो हुन नसकेमा नजिकको स्रोतकेन्द्रका स्रोतव्यक्तिबाट र विद्यालयको प्र.अ.बाट पनि निरीक्षण गर्न सकिने छ ।

२. पूर्वप्राथमिक कक्षाकोहकमा पधानाध्यापकले समय दिई व्यवस्था मिलाइ दिएको हुनुपर्छ ।

३. हरेक केन्द्रको प्रशासनिक, लेखा, भवन, खेलौना, सिकाइ सामग्रीहरूको व्यवस्था भइसकेको भएमा सुरुको वर्षमा प्रत्येक महिनामा १ पटक केन्द्रको अनुगमन र निरीक्षण गरिएको हुनुपर्छ केन्द्रको सम्पूर्ण सामाग्रीहरू रुजगरी रेकर्ड राखिएको हुनुपर्छ ।

४. प्रत्येक महिनामा सबै सहजकर्तालाई एउटा केन्द्रमा जम्मा गरी सहजकर्ताको प्राविधिक बैठक सञ्चालन गर्ने । सो बैठकमा सहजकर्ता बीच प्राविधिक ज्ञान र सीप आदानप्रदान गरी सहजकर्ताको क्षमता अभिवृद्धि हुन्छ ।

५. प्राथमिक विद्यालयको प्रधानाध्यापकमार्फत प्रारम्भिक बालविकास केन्द्रको जानकारी FLASH प्रतिवेदनमा अनिवार्य रुपमा समावेश गर्नुपर्दछ ।

**बालविकास केन्द्र निरीक्षण र अनुगमनसम्बन्धी न्यूनतम् मापदण्ड :**

- बालविकास केन्द्रको निरीक्षण अनुगमन गर्ने सबैभन्दा पहिलो जिम्मेवारी व्यवस्थापन समिति र अभिभावकबाट हुनु पर्दछ । त्यसबाहेक त्यसपछि जिल्ला शिक्षा कार्यालयको स्रोतव्यक्ति प्रमुख जिम्मेवार हुनु पर्छ ।
- शिक्षा विभाग, शिक्षा मन्त्रालय, दातृ संस्थाहरू र स्थानीय गैरसरकारी संघसंस्थाले पनि बालविकास केन्द्र निरीक्षण अनुगमन गर्नेछन् ।

**बालविकास केन्द्रमा दैनिक गर्नुपर्ने न्यूनतम् क्रियाकलापहरू**

| क्र.सं. | केन्द्रमा गरिने क्रियाकलाप |
|---|---|
| १. | स्वागत |
| २. | सरसफाई अवलोकन |
| ३. | व्यायाम |
| ४. | प्रार्थना |
| ५. | दिसापिसाब गराउने |
| ६. | घेरा समय (Circle time) |
| ७. | हाजिरी |
| ८. | समय र मौसम मिलाउने |
| ९. | विषयवस्त सम्बन्धी सामूहिक / समूह क्रियाकलाप<br>• गीत,<br>• कथा,<br>• अभिनय,<br>• सिर्जनात्मक चाल<br>• पूर्वसाक्षरता क्रियाकलाप,<br>• बालबालिकाको मौलिक क्रियाकलाप |
| १०. | पुनरावलोकन/ठूलो समूहमा छलफल |
| ११. | आराम |
| १२. | पूर्वसाक्षरता/ क्रियाकलाप |
| १३. | सामुहिक स्वतन्त्र खेल, समूह खेल र स्वावलम्वन सीप विकास खेल |
| १४. | खाजा समय |
| १५. | बाहिरी खेल |
| १६. | पुस्तकालय तथा स्वतन्त्र लेख्ने क्रियाकलाप समय<br>(पुस्तक प्रयोग गरेर कथा पढने ) |
| १७. | विदाइ गीत |

**बालविकास केन्द्रको न्यूनतम् मापदण्ड पहिलो परामर्श कार्यशाला गोष्ठी**
**सेभ द चिल्ड्रेन र शिक्षा विभाग**
**१० अगस्ट २००७**
**होटेल रोयल सिन्गी, काठमाण्डौं**

| सि.नं. | नाम | कार्यालय | कैफियत |
|---|---|---|---|
| १ | कृष्ण सुन्दरी श्रेष्ठ | सिविन | |
| २ | सानु अमात्य | त्रि.मा.वि. | |
| ३ | बेनु राणा | जनज्योति मा.वि. | |
| ४ | सुजन राई | उडल्याण्ड | |
| ५ | हेमराज पुजारा | शिक्षा विभाग | |
| ६ | देविना प्रधानाङ्ग | शिक्षा विभाग | |
| ७ | बीर बहादुर नेपाली | शिक्षा विभाग | |
| ८ | शीला वर्गिस | शिक्षा विभाग | |
| ९ | प्रकाशराज पाण्डे | शिक्षा विभाग | |
| १० | महाश्रम शर्मा | शिक्षा विभाग | |
| ११ | जनार्दन नेपाल | शिक्षा विभाग | |
| १२ | हरिप्रसाद लम्साल | शिक्षा विभाग | |
| १३ | आनन्द पौडेल | पाठ्यक्रम विकास केन्द्र | |
| १४ | सोभियतराम विष्ठ | शिक्षा मन्त्रालय | |
| १५ | बालानन्द पौडेल | शिक्षा मन्त्रालय | शिक्षा सचिव |
| १६ | अर्जुन बहादुर भण्डारी | शिक्षा मन्त्रालय | |
| १७ | डा. लब अवस्थी | शिक्षा मन्त्रालय | |
| १८ | विमललाल श्रेष्ठ | शिक्षा मन्त्रालय | |
| १९ | डा. प्रेम नारायण अर्याल | त्रि.वि.वि | |
| २० | अरविन्द भोगी | त्रि.वि.वि | |
| २१ | प्रकाश श्रेष्ठ | त्रि.वि.वि | |
| २२ | सीमा | युनाइटेड एकेडेमी | |
| २३ | राइनी | ECEC | |
| २४ | लक्ष्मी भक्त वा सुकला | ETC | |
| २५ | डा. किशोर श्रेष्ठ | सेरिड | |
| २६ | मधुराज भण्डारी | सेतो गुँरास | |
| २७ | अगाथा थापा | सेतो गुँरास | |
| २८ | बिनोद आचार्य | | |
| २९ | उत्तरा बज्राचार्य | सेरीड | |
| ३० | World Vision | | |
| ३१ | दिनेश | Plan | |
| ३२ | पुनिता मण्डल | सेभ जापान | |

| | | | |
|---|---|---|---|
| ३३ | दीर्घनारायण श्रेष्ठ | सेभ यु.यस. | |
| ३४ | उदय लक्ष्मी श्रेष्ठ | सेभ यु.यस. | |
| ३५ | शारदा बस्नेत | | |
| ३६ | गोपिनी पाण्डे | | |
| ३७ | UNICEF | | |
| ३८ | एलिजा श्रेष्ठ | युनेस्को | |
| ३९ | रामप्रसाद न्यौपाने | एजुकेसन | |
| ४० | रमेश | रा.स.स | |
| ४१ | तपराज पन्त | युनेस्को | |
| ४२ | डा. विद्यानाथ कोइराला | | |
| ४३ | डा. सुसन आचार्य | | |
| ४४ | डा. प्रदीपचन्द्र गौतम | | |
| ४५ | रामस्वरूप सिन्हा | | |
| ४६ | शिक्षा पत्रकार समुह | | |
| ४७ | मुक्ति सिंह ठकुरी | | |
| ४८ | गोपाल भण्डारी | | |
| ४९ | गणेश सिंह | | |
| ५० | नरमाया थापा | | |
| ५१ | विनोद गैरु | | |
| ५२ | डा.मनप्रसाद वाग्ले | | |

**बालविकास केन्द्रको न्यूनतम् मापदण्ड दोश्रो परामर्श कार्यशाला गोष्ठी**
**सेभ द चिल्ड्रेन र शिक्षा विभाग**
**१२ सेप्टेम्बर २००८**

**होटेल रोयल सिन्गी, काठमाण्डौं**

| सि.नं. | नाम | संस्था |
|---|---|---|
| १. | डा. प्रदीपचन्द्र गौतम | Central Dept. of Edu. |
| २. | नारायण श्रेष्ठ | Ministry of Edu. |
| ३. | दामोदर रेग्मी | DOE |
| ४. | रमेश भुसाल | ECEC |
| ५. | सुजन राई | SCCD |
| ६. | कोमल सिखकार | GSS |
| ७. | रीमा मानान्धर | VSO Nepal |
| ८. | Wendy Nicolson | VSO ECD Advisor |
| ९. | अनिल शर्मा | DOE |
| १०. | गोपाल प्रसाद भण्डारी | MOE |
| ११. | विद्या गौतम | DCDPRC |
| १२. | अगाथा थापा | Seto Gurans NCDS |
| १३. | साविना कार्की | DCDPRC |
| १४. | हेमराज पुजारा | DOE |
| १५. | पूर्णकुमार श्रेष्ठ | VSO Nepal |
| १६. | नीरा शाक्य | MOE |
| १७. | राज्य लक्ष्मी नकार्मी | District Ed. Office, Dhading |
| १८. | दन्डपाणी भुसाल | |
| १९. | ललिता देवी श्रेष्ठ | Free lanser |
| २०. | लक्ष्मी धिताल | DOE |
| २१. | मधु राजभण्डारी | Setogurans National Child Development Services |
| २२. | सानु अमात्य | SCCD, Nepal |
| २३. | कमल सिखकार | GSS |
| २४. | महाश्रम शर्मा | Department of Edu. |
| २५. | देबिना प्रधानाङ्ग | Depatment of Edu. |
| २६. | पुरुषोत्तम आचार्य | UNICEF |
| २७. | उदय लक्ष्मी प्रधानाङ्ग | Save the Children |
| २८. | नकुल वैद्य | MOE, Kesharmahal |
| २९. | दीर्घ नारायण श्रेष्ठ | Save the Children |
| ३०. | श्रृजना शर्मा | Save the Children |
| ३१. | गोपिनी पाण्डे | Save the Children |